# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


खण्डः ४ संख्याः ७ प्रमाणिकरणः२०७८।०३।०८

प्रकाशन मितिः २०७८।०३।०८


## भाग-२

# ठाकुरबाबा नगरपालिका

ठाकुरबाबा नगरपालिकाको कृषि उपज बजारीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

## ठाकुरबाबा नगरपालिकाको कृषि उपज बजारीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** नगरपालिकाभित्रका किसानहरुबाट उत्पादित कृषि उपज बिक्री गर्न, स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको संरक्षण, प्रवर्धन तथा बजारीकरणमा सहयोग गर्न तथा किसानहरुलाई व्यवसायिक बनाई कृषि बजार प्रवर्धनमा टेवा पुर्याउनका लागि "ठाकुरबाबा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद-१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"ठाकुरबाबा नगरपालिकाको कृषि उपज बजारीकरण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८"** रहनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले ठाकुरबाबा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, सैनवार बर्दियालाई सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले कृषि उपज बजार व्यवस्थापनका लागि सञ्चालन हुने कोषलाई सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले कृषि उपज बजार व्यवस्थापनको प्रस्ताव अध्ययन तथा छनौट समितिलाई सम्झनु पर्दछ।

(ङ) "कृषि उपज" भन्नाले नगरपालिका भित्र उत्पादित (तरकारी, फलफूल, मसला/दलहन/तेलहनबाली, खाद्यान्न लगायत) वस्तुहरुलाई सम्झनु पर्दछ ।

(च) "सङ्कलन केन्द्र, बिक्री केन्द्र तथा निकाय" भन्नाले बिक्री तथा प्रवर्धनका लागि सञ्चालित पसललाई सम्झनु पर्छ। सो शब्दले कृषि सहकारी तथा कृषक समुह/समिति समेतलाई समेट्दछ ।

## परिच्छेद-२

## प्रस्ताव आह्वान सम्वन्धी व्यवस्था

**३. प्रस्ताव तथा निवेदन सम्वन्धी व्यवस्थाः**

(१) नगरपालिकाले यस नगरपालिका क्षेत्रभित्र कृषि उपज बजार व्यवस्थापनका लागि सङ्कलन केन्द्र, सुपथ मूल्य पसल, ठेला लगायत सहकारी पसल सञ्चालन गर्न ईच्छुक व्यक्तिहरुसँग प्रस्ताव आह्वान गर्नका लागि कम्तिमा ७ दिने सूचना निकाल्नेछ।

(२) उपदफा १ बमोजिम माग गरिएको प्रस्तावमा यस नगरपालिकाभित्र स्थायी बसोबास गर्ने नागरिकहरुले **अनुसूची १** बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछन्।

(३) अनुसूची १ बमोजिमको निवेदन साथ तोकिएका कागजातहरु अनिवार्य रुपमा संलग्न राख्नुपर्नेछ।

## परिच्छेद-३

## प्रस्ताव अध्ययन तथा छनौट समिति र अनुगमन समिति

**४. प्रस्ताव अध्ययन तथा छनौट समितिः**

(१) दफा ३ बमोजिम प्राप्त भएका प्रस्तावहरु छनौट गर्न तथा सञ्चालित सङ्कलन केन्द्र, सुपथ मूल्य पसल, कृषि उपज ठेला, सहकारी पसलहरुद्धारा सञ्चालित क्रियाकलापहरुको नियमन गर्नका लागि नगरपालिको **कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्वन्धी कार्यविधि, २०७५ (दोश्रो संशोधन, २०७७)** बमोजिमका पदाधिकारीहरु रहने गरी **प्रस्ताव अध्ययन तथा छनौट समिति** र अनुगमनको कार्य कृषि कार्यक्रम अनुगमन समितिले गर्नेछ।

(२) समितिमा आवश्यकतानुसार अन्य जनप्रतिनिधि, कर्मचारी तथा व्यक्तिहरुलाई समेत आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

(३)**समितिको काम, कर्तव्य र अधिकारः** प्रस्ताव अध्ययन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सङ्कलन केन्द्र, सुपथ मूल्य पसल, ठेला लगायत सहकारी पसल सञ्चालन गर्न ईच्छुक व्यक्तिहरुसँग प्रस्ताव माग गर्न सूचना प्रकाशन गर्ने निर्णय गर्ने।

(ख) समय सीमाभित्र प्राप्त भएका निवेदनहरु अध्ययन गरी **अनुसूची २** बमोजिमको छानबिन तथा मूल्याङ्कन गरी लाभग्राहीहरुको छनौट गर्ने।

(ग) छनौट भएका लाभग्राहीहरुसँग सम्झौता गर्न अनुमति दिने निर्णय गर्ने।

(घ) समय-समयमा छनौट भई सञ्चालनमा रहेका पसलहरुको नियमन गरी आवश्यक निर्देशनहरु दिने।

(ङ) कृषि उपज बजार व्यवस्थापन घुम्ती कोषको प्रभावकारी रुपमा परिचालन गर्ने।

**५. बैठक सम्वन्धीः**

(१) छनौट तथा अनुगमन समितिको बैठक कम्तिमा त्रैमासिक रुपमा एक पटक तथा आवश्यकतानुसार बस्नेछ।

(२) समितिको बैठकमा सहभागी हुने पदाधिकारीहरुलाई नगरपालिकाको नियमानुसार बैठक भत्ता दिइनेछ।

## परिच्छेद-४
## सम्झौता सम्वन्धी व्यवस्था

**६. सम्झौता सम्वन्धी व्यवस्थाः**

**(१)** कृषि उपज बजार व्यवस्थापन सम्वन्धी प्रस्ताव अध्ययन तथा छनौट समितिले छनौट गरेका लाभग्राहीहरुसँग नगरपालिकाले **अनुसूची-३** बमोजिमको ढाँचामा दुई आर्थिक वर्षको लागि सम्झौता गर्न सक्नेछ ।

**(२)** सम्झौता बमोजिमको कार्य नगर्ने लाभग्राहीसँग सम्झौता नवीकरण हुने छैन।

## परिच्छेद-५
## कृषि उपज बजारीकरणका लागि घुम्ती कोष

**७. कृषि उपज बजारीकरणका लागि घुम्ती कोष सम्वन्धी व्यवस्थाः**

(१) नगरपालिकामा कृषि उपज बजारीकरण घुम्ती कोष रहनेछ।

(२) "कृषि उपज बजारीकरण घुम्ती कोष" को नाममा प्रमुख प्रशासकिय अधिकृत र लेखा अधिकृतको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुने गरी नेपाल सरकारबाट मान्यता प्राप्त बैङ्कमा छुट्टै खाता खोली खाता सञ्चालन गरिनेछ।

(३) कोषमा देहाय बमोजिमका रकमहरु जम्मा गरिनेछः

(क) सङ्घीय सरकारबाट प्राप्त हुने रकम

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम

(ग) नगरपालिकाबाट विनियोजित रकम

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम

(४) नगरपालिकासँग सम्झौता गरेका लाभग्राहीको बैङ्क खातामा सम्झौता बमोजिम कार्य प्रगतिको आधारमा २ किस्तामा रकम उपलब्ध गराईनेछ ।

(५) सो रकमबाट लाभग्राहीले **कृषि उपज सङ्कलन केन्द्र तथा कृषि बजार** सञ्चालन गर्नुपर्नेछ।

(६) कृषि उपज बजार व्यवस्थापनका लागि सञ्चालन हुने कार्यक्रम लागतको कुल ७५ प्रतिशत सम्म सम्झौता बमोजिमको रकम कोषबाट उपलब्ध गराईने छ । कोषबाट उपलब्ध गराईएको रकमको १० प्रतिशतसम्म लाभग्राहीले पसल व्यवस्थापनमा खर्च गर्न सक्नेछन् भने बाँकी रकम सम्झौतामा उल्लेख भएको मितिसम्म अनिवार्य रुपमा नगरपालिकाको कोषमा फिर्ता गर्नुपर्नेछ ।

(७) यदि कुनै लाभग्राहीले कोषमा जम्मा गर्नुपर्ने रकम सम्झौतामा उल्लेखित मितिसम्म पनि कोषमा जम्मा नगरेमा वा व्यवसाय सुचारु नगरेमा निजको चलअचल सम्पत्तिबाट समेत सो रकम असुल उपर गर्न बाधा पर्ने छैन।

## परिच्छेद-६ विविध

८. **फोहर व्यवस्थापन सम्वन्धमाः** कृषि उपज बजार तथा सङ्कलन केन्द्रबाट निस्कने फोहरमैलाको व्यवस्थापन गर्ने जिम्मा सञ्चालकको रहनेछ ।

९. **व्याख्याः** (क) यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा रहनेछ ।

(ख) यस कार्यविधि प्रकाशन हुनुभन्दा अघि भएका क्रियाकलापहरु तथा सूचना प्रकाशन कार्य यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

१०. **संशोधन तथा खारेजीः** आवश्यकतानुसार नगर कार्यपालिकाले यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

ठाकुरबाबा नगरपालिकाको कृषि उपज बजारिकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

अनुसूची-१

(दफा ३ को उपदफा २ सँग सम्वन्धित)

**कृषि उपज बजारीकरणका लागि घुम्ती कोष परिचालन गर्नका लागि दिने निवेदनको नमूना**

मितिः ......................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
ठाकुरबाबा नगरपालिका
सैनवार, बर्दिया।

**विषयः कृषि उपज बजारीकरण घुम्ती कोष परिचालन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा **कृषि उपज बजारीकरण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८**" को दफा (३) उपदफा १ बमोजिम ठाकुरबाबा नगरपालिकाको मिति २०........../....../...... गते प्रकाशित सूचना अनुसार नगरपालिकासँगको साझेदारीमा .......................................................................................... सञ्चालन गर्न चाहेकोले आवश्यक कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु।

तपसिल

१. निवेदकको नामथरः...........................................................................................................
२. फर्मको नामः ...............................................................................................................
३. स्थायी ठेगानाः............................................ ४. सम्पर्क नं................................................
५. ना. प्र. नं............................ जारी मितिः..........................जारी गर्ने जिल्लाः........................
६. ........................................................................................ सञ्चालन गर्न चाहेको स्थानः....................................................
७. लागत अनुमानः रु.................................

.................................
निवेदकः..............

संलग्न कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
२. वडा कार्यालयको सिफारिस
३. ............................................... सञ्चालन गर्ने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
४. ........................................ सञ्चालन गर्ने घर निवेदकको नभए घर वहाल सम्झौता
५. बैङ्कमा खाता खोलेको भए चेकको प्रतिलिपि
६. व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि
७. करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि
८. ...............................................सञ्चालनको लागि कार्ययोजना

ठाकुरबाबा नगरपालिकाको कृषि उपज बजारीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

अनुसूची २

दफा ४ को उपदफा ३(ख) सँग सम्वन्धित

**...................................................................... सञ्चालनका लागि लाभग्राही छनौटको मूल्याङ्कनका आधारहरु**

प्रस्तावकको संस्थाको नाम र किसिमः .........................

ठेगानाः .............................

| क्र. सं. | आधारहरु | अङ्क |
|---|---|---|
| १. | **प्रस्तावकको संस्थागत अवस्था, क्षमता र अनुभवः** | |
| १.१ | ५ वर्षभन्दा बढी (२०) | |
| १.२ | २ देखि ५ वर्षसम्म (१५) | |
| १.३ | १ देखि २ वर्षसम्म (१०) | |
| १.४ | ६ महिना देखि १ वर्ष भन्दा कम (०) | |
| २ | **आवेदकको आर्थिक अवस्था** | |
| २.१ | लगानीका लागि बैङ्क मौज्दात भएको (१०) | |
| २.२ | लगानी गर्ने प्रतिवद्धता वित्तिय संस्थाबाट प्राप्त भएको (५) | |
| २.३ | आर्थिक श्रोत सुनिश्चित नभएको (०) | |
| ३ | **फर्मको सञ्चालक** | |
| ३.१ | महिला भए (५) | |
| ३.२ | पुरुष भए (०) | |
| ४ | **स्थानीय उत्पादनको अवस्था** | |
| ४.१ | आफैं उत्पादन गर्ने (१०) | |
| ४.२ | उत्पादन नगर्ने (०) | |
| ५ | **व्यवसायिक योजना संलग्न** | |
| ५.१ | रहेको (५) | |
| ५.२ | नरहेको (०) | |
| ६ | **लागत साझेदारी** | |
| ६.१ | ५० प्रतिशत भन्दा माथि (१०) | |
| ६.२ | २५ देखि ५० प्रतिशत भन्दा माथि (५) | |
| ६.३ | २५ प्रतिशत भन्दा कम (०) | |
| | **जम्मा** | |

राय तथा सुझावः ...............

अगाडि बढाउने/नबढाउने प्रष्ट धारणासहितको कारण उल्लेख गर्नेः

**मुल्याङ्कन कर्ताको**

हस्ताक्षरः............

नामः...............

मितिः................

*(नोटः माथि उल्लेखित छनौटका आधारहरु प्रस्ताव अध्ययन तथा छनौट समितिले आवश्यकता अनुसार फेरबदल गर्न सक्नेछ।)*

... कृषि उपज बजारीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८

अनुसूची ३

(कार्यविधिको दफा ६(१) सँग सम्वन्धित)

.................................................................................................. सञ्चालन सम्वन्धी

## सम्झौता-पत्र

ठाकुरबाबा नगरपालिकाको कृषि उपज बजारीकरण तथा व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७८" बमोजिम मिति ...... गते प्रकाशित सूचना अनुसार .............................. सञ्चालनका लागि ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सैनवार बर्दिया (यसपछि प्रथम पक्ष भनिने) र .........................फर्मका ...................... सञ्चालक " (यसपछि दोस्रो पक्ष) बीच .................... सञ्चालनका लागि देहाय बमोजिमको शर्तहरू पालना गर्ने गरी दुवै पक्ष सहमत भएकाले यो सम्झौता उल्लेखित शर्तहरुको अधिनमा रही गरिदियौं लियौं।

**१. सम्झौता गरिएको कामको विवरण कार्यक्रमको**

| |
|---|
| कामको विवरणः ...................................................<br>पसल संचालन स्थानः ......................................<br>फर्मको नामः ........................................ |

**२. कार्यक्रम सञ्चालनको समयावधि**

| | |
|---|---|
| शुरु मिति | |
| सम्पन्न हुने मिति | |
| कार्यक्रमको कुल अवधि (दिन/महिना) | |

**३. कार्यक्रमको कुल लागत**

३.१ यस कार्यक्रमको कुल लागत अनुमान रू. ...................... (अक्षरुपी................................ मात्र) रहेको छ जुन निम्नानुसार व्यहोरिने छ ।

| कार्यक्रमको बजेट | जम्मा रकम रु. |
|---|---|
| अनुदान रकम (बेहोर्ने पक्षले प्रथम) | |
| कार्यक्रम सञ्चालक/छनौट भएका प्रस्तावदाता (दोस्रो पक्षले व्यहोर्ने रकम) | |
| **कुल जम्मा** | |

३.२ प्रथम पक्षले कार्यविधिको दफा ७ बमोजिम .......................... सञ्चालनका लागि प्रगतिका आधारमा रू. ................. (अक्षरूपी .................................) मात्र दोस्रो पक्षलाई २ किस्तामा उपलब्ध गराउनेछ ।

**४. बैङ्कको विवरण**

| | |
|---|---|
| बैङ्कको नाम तथा ठेगाना | |
| बैङ्क खाताको नाम | |
| बैङ्क खाता नं. | |
| बैङ्क खाता किसिम | |
| खाता सञ्चालकको नाम | |

**४. सम्झौताका शर्त एवं अवस्थाहरू (Terms and Conditions)**

१. सम्झौताको बुँदा नम्बर २ मा उल्लेख भएको कार्यक्रम शुरू भएको मितिबाट ३० दिनभित्र दोस्रो पक्षले सरोकारवालाहरूले देख्ने गरी सूचना पाटी/होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।

२. अनुदान रकम तोकिएको कार्ययोजना अनुरूप यसै सम्झौतासँग संलग्न तालिका ३ अनुसार स्वीकृत बजेट तालिकामा उल्लेख भएका शीर्षकहरूमा मात्र खर्च गर्न पाइनेछ ।

३. तत्कालिन अवस्थामा सामाग्रीहरूको खरिद दर शुरू लागत अनुमान दर भन्दा बढी भई लागत मूल्य बढेमा सो बढेको मूल्य दोस्रो पक्षले नै व्यहोर्नु पर्नेछ ।

४. यस सम्झौता अनुसार सहमति भएका क्रियाकलापहरूमा कुनै संशोधन गर्नु परेमा दुबै पक्षहरूबीच सहमति भई गरिनेछ।

५. दोस्रो पक्षले प्रथम पक्षको पूर्व लिखित स्वीकृती बिना वित्तिय सीमाभन्दा बाहिर खर्च गर्न पाउने छैन।

६. स्थानीय स्तरमा उत्पादन भएको कृषि उपजलाई प्रचलित दररेटमा प्राथमिकताका साथ खरिद गर्नुपर्नेछ।

७. कार्यक्रमका लागि प्रदान गरिने रकमको सही सदुपयोग, सन्तोषजनक प्रगति तथा प्राप्त वित्तिय प्रतिवेदनको आधारमा अनुदानको निकासा दिइनेछ ।

८. कार्यक्रम अवधिमा वा सो पश्चात दोस्रो पक्षले प्रथम पक्ष वा प्रथम पक्षको आवश्यकता अनुरूप कार्यक्रमको स्थल तथा व्यवसायिक क्षेत्रको निर्वाध रूपमा निरीक्षण गर्न दिनु पर्नेछ ।

९. कार्यक्रम सञ्चालनको क्रममा व्यवसायको प्रस्तावित क्रियाकलापमा परिवर्तनहरू हुन सक्ने जायज कारणहरू भएमा प्रथम पक्षलाई समयमा नै लिखित जानकारी गराउनु पर्नेछ र कुनै महत्वपूर्ण परिवर्तन हुने अवस्थामा प्रथम पक्षको स्वीकृती अनिवार्य लिनुपर्नेछ ।

१०. दोस्रो पक्षको बैङ्क खाता विवरण निम्न बमोजिम हुनेछ र यदि कार्यक्रम सञ्चालन अवधिमा यी विवरणहरूमा कुनै परिवर्तन हुन गएको हकमा प्रथम पक्षलाई तत्काल जानकारी गराउनु पर्नेछ ।

११. ............................................ सञ्चालनको कुल लागतको ७५ प्रतिशत सम्म सम्झौता बमोजिमको रकम कोषबाट उपलब्ध गराईने छ ।कोषबाट उपलब्ध गराईएको रकमको १० प्रतिशतसम्म लाभग्राहीले पसल व्यवस्थापनमा खर्च गर्न सक्नेछन् भने बाँकी रकम सम्झौतामा उल्लेख भएको मितिसम्म अनिवार्य रुपमा कोषमा फिर्ता गर्नुपर्नेछ।

१२. दोस्रो पक्षले कोषमा फिर्ता गर्नुपर्ने रकम सम्झौतामा उल्लेखित मितिसम्म पनि जम्मा नगरेमा वा व्यवसाय सुचारु नगरेमा दोस्रो पक्षको चलअचल सम्पत्तिबाट समेत सो रकम असुल उपर गर्न बाधा पर्ने छैन ।

१३. कृषि उपज बजार तथा सङ्कलन केन्द्रबाट निस्कने फोहरमैलाको व्यवस्थापन गर्ने जिम्मा दोस्रो पक्षको रहनेछ साथै उपभोक्ताको स्वास्थ्यमा प्रतिकुल असर गर्ने गुणस्तरहीन वस्तुहरु बिक्री गर्न पाईने छैन।

१४. दुवैको सहमति भएमा उल्लेखित बुँदाहरु थप/घट गर्न सकिनेछ ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| **सञ्चालक** | **प्रमुख प्रशासकीय अधिकृत** |
| नामः | नामः |
| पदः | पदः |
| सम्पर्क नं.: | |
| छापः | छापः |
| ठेगानाः | |
| मितिः | मितिः |
| साक्षीहरुः | |
| हस्ताक्षरः<br>नामः<br>पदः | हस्ताक्षरः<br>नामः<br>पदः |

**आज्ञाले**

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत